# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।११।१८ गते ।

## प्रेस विज्ञप्ति

**विषय: नियन्त्रणमा लिइएको ।**

भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीका ना.सु. रामकृष्ण पण्डित र श्रीसुभाष भू-सेवा केन्द्र, जलेश्वर, महोत्तरीका लेखापढी व्यवसायी सुभाष चन्द्रलाल कर्णले जग्गा नामसारी गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज ना.सु. रामकृष्ण पण्डित र लेखापढी व्यवसायी सुभाष चन्द्रलाल कर्णलाई सेवाग्राहीबाट रु.९,०००।—(नौ हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा निजहरुलाई श्रीसुभाष भू-सेवा केन्द्र जलेश्वर, महोत्तरीबाट मिति २०७९।११।१८ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ ।

प्रवक्ता
भोला दाहाल